अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

मेल्लेख गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०५ संख्या ७ मितिः २०८०/११/१२

## भाग-२

## मेल्लेख गाउँपालिका

# बाल विवाह अन्त्यका लागि रणनैतिक योजना, २०८०-२०८३

**विषय सूची**

१ पृष्ठभूमि......................................................................................................३

१.१: गाउँपालिकाको परिचय

१.१.१  ऐतिहासिक पृष्ठभूमि.......................................................................................४

१.१.२ भौगोलिक अवस्थिति.......................................................................................४

१.१.३ बालबालिका तथा किशोरकिशोरीहरूको तथ्यांङ्क.....................................................४

२ बाल विवाह सम्बन्धी नीतिगत व्यवस्था.............................................................५-६

३ वर्तमान स्थिति.................................................................................................६-७

३.१ बालबालिका तथा किशोरकिशोरीहरूको तथ्यांङ्क विश्लेषण...........................................७

३.२ बाल विवाह: मुख्य कारण र असरहरू.........................................................................८

३.३ बाल विवाह विरुद्धका थालनीहरू...........................................................................८-९

४ रणनैतिक योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता......................................९-१०

५. रणनीतिक योजनाको मूल्य र मान्यता.................................................................१०-११

६. रणनीतिक योजनाका सिद्धान्तहरू.......................................................................११-१२

६.१. बालबालिकाको सर्बोत्तम हितलाइ प्राथमिकता......................................................११

६.२. सम्मान र सामाजिक न्याय..................................................................................११

६.३. अर्थपूर्ण सहभागिता..........................................................................................११

६.४. समता र समावेशीकरण......................................................................................१२

६.५. साझा जिम्मेवारी बहन र उत्तरदायित्व...................................................................१२

६.६. बालमैत्री वातावरणको प्रवर्द्धन.............................................................................१२

६.७. राज्यको दायित्व.............................................................................................. १२

७. रणनीतिक दावी विवरण.................................................................................१२-१३

७.१. परिकल्पना......................................................................................................१२

७.२ ध्येय............................................................................................................ १२

७.३ लक्ष्य........................................................................................................................१३

७.४ उद्देश्यहरू......................................................................................................................१३

८. रणनीति......................................................................................................................१३-१४

८.१ रणनीति....................................................................................................................१३-१४

८.२ सरोकारवाला.................................................................................................................१४

९. कार्य योजनाको आधार र समय सिमा..................................................................................१५

९.१ कार्य योजनाको आधार..................................................................................................१५

९.२ समय सिमा....................................................................................................................१५

१०. जिम्मेवारी र भूमिका........................................................................................................१५

१०.१. स्थानीय सरोकारवालाहरू र गाउँपालिका बिच सम्बन्ध र जिम्मेवारी.................................१५-१६

१०.२. क्षमता अभिवृद्धि समिति.............................................................................................१६-१७

१०.३. कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति...................................................१७

११. रणनीतिक योजनाका सफलताका सूत्रहरू.........................................................................१७

अनुसूचीहरू......................................................................................................................१८-२७

अनुसूची १: गाउँपालिकाको वडागत जनसांख्यिक विवरण........................................................१८

अनुसूची २ कार्यशालाका उपस्थिति विवरण...........................................................................१८

अनुसूची ३ बाल विवाह अन्त्यका लागि कार्ययोजना.............................................................१९-२६

अनुसूची ४ कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार............२७

अनुसूची ५ बाल विवाह विरुद्ध उजुरी लिने निकायहरू.............................................................२७

## १. पृष्ठभूमि

बाल विवाह एक सामाजिक सवाल हो जुन विश्वका अधिकांश देशहरूले आ-आफ्नो सामाजिक तथा सांस्कृतिक परिवेश र परम्परा अनुसार सामना गरिरहेका छन् । विश्वमा करोडौं बालबालिकाहरू बाल विवाहबाट प्रभावित छन् । दक्षिण एशियामा किशोरीहरू बढी प्रभावित छन् । बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ मा उल्लेख भए अनुसार नेपाल बाल विवाह उच्च रहेका मुलुकहरू मध्ये अग्रपङ्क्तिमा पर्दछ र दक्षिण एशियामा हाम्रो देश बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ ।

हरेक जैविक व्यक्तिले आफ्नो विवाह आफुले रोजेको व्यक्तिसँग गर्न पाउनु पर्दछ । मानव अधिकारको कोणबाट हेर्दा यो व्यक्तिको अधिकार पनि हो । उक्त अधिकारलाई मानव स्वास्थ्य, देशको भूगोल र व्यक्तिको शारीरिक अवस्थालाई आधार बनाएर विश्वका प्रायः सबै मूलुकहरूले विवाहका लागि न्यूनतम उमेर तय गरेका हुन्छन् । नेपालको मूलुकी अपराध (संहिता) ऐन २०७४ मा विवाहकोलागि कानूनी उमेर २० बर्ष तोकिएको छ । नेपालको संबैधानिक व्यवस्थालाई हेर्ने हो भने धारा ३९ को मौलिक हक अन्तर्गत उपधारा ५ मा बाल विवाहलाई पहिलो पटक बाल अधिकार हननको बिषयको रूपमा उल्लेख गरी दण्डनीय अपराधको रूपमा तथा पिडितलाई क्षतिपूर्ति पाउने हक सहित स्विकार गरेको छ । संविधानले प्रत्याभूत गरेको बाल विवाह विरुद्धको उक्त बाल अधिकारको प्रचलनका लागि मुलुकी अपराध संहिता २०७४ तथा बालबालिका सम्बन्धी ऐन २०७५ लगायतका अन्य कानूनहरूले बाल विवाहलाई दण्डनीय अपराधको श्रेणीमा राखी कानूनी व्यवस्था पनि भएको छ ।

बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । बिशेष गरी बालिका र महिलाको सन्दर्भमा बाल विवाह ले एउटा मात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको शृङ्ला सृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरू देखिने, लैङ्गिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरूले वालिका र महिलाहरू थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ ।

बालकको तुलनामा संख्यात्मक रूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक मान्यता, लैङ्गिक विभेद, अशिक्षा र असुरक्षा जस्ता कारणहरू प्रमुख रूपमा देखिएका छन् ।

कानूनी दृष्टिकोणबाट हेर्दा कानूनको कार्यान्वयन प्रभावकारी नगरे जस्तो देखिन्छ भने शिक्षाको दृष्टिकोणबाट हेर्दा जन चेतनाको अभाव बाल विवाहको कारणको रूपमा देखिन्छ। देशको संविधान मै उल्लेख छ र कानूनद्वारानै बर्जित गरिएको छ तर पनि विश्वको कतिपय मुलुकको दाँजोमा नेपालमा किन बाल विवाहको अन्त्यको किनार देखिएको छैन ? हामी गम्भीर रूपमा सोच्न बाध्य छौं । किन धेरै बालबालिकाहरू बाल सुलभ हाँसोलाई विलाउँदै आफ्नो भविश्य जोखिमको पोल्टामा पारिरहेका छन् ? को हो जिम्मेवार ? के यस प्रश्नले हामीलाई सुईरोले घोचे जस्तै हुँदैन ? हामी सचेत, ज्ञानभएका, विवेकी मानव मर्माहत हुदैंनौ ?

मेल्लेख गाउँपालिकामा सरोकारवालासँग गरिएको कार्याशालामा सहभागीहरूले उल्लेख गरे अनुसार बाल विवाह हुनुमा सामाजिक, धार्मिक एवं सांस्कृतिक मान्यता, किशोरी वा महिलाको स्व-निर्णय भन्दा पनि विवाह पुरुष अभिभावकको जिम्मेवारी ठान्नु, लैंङ्गिक विभेद, असुरक्षा, घरायसी समस्या, छोरीहरू धेरै हुनु, ह्रासोन्मूख

शिक्षा, चेतनाको कमि, पहुँच विहिनता, देखासिकि र अभिभावकमा बेरोजगारी जस्ता कारणहरू प्रमुख रूपमा ठम्याएका छन् । यसबाट समुदायमा बहुआयामिक समस्याहरू थपिदै जान्छन्। जसले गर्दा समस्या समाधानमा जटिलता उत्पन्न हुन्छ। यसर्थ बहु आयामिक समस्याको जड बाल विवाहलाई सन् २०३० सम्ममा अन्त्य गर्ने नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं लक्ष्यलाई सहयोग पुऱ्याउने उद्देश्यका साथ बालविवाह अन्त्य गर्ने राष्ट्रीय रणनीति २०७२ सँग एकाकार हुने गरी तथा स्थानीय विशिष्टता समेतलाई मध्यनजर गरी मेल्लेख गाउँपालिकाबाट यो “बालविवाह विरुद्धको रणनीतिक योजना“ निर्माण गरिएको छ ।

## १.१: गाउँपालिकाको परिचय

### १.१.१ ऐतिहासिक पृष्ठभूमि

नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गत विकट जिल्ला अछामको ६ वटा गाउँपालिकाहरू मध्ये एक मेल्लेख हो । नेपालको एकीकरण अघि शाहवंशीय शासकहरू मध्येका बिम्कोटे राजाको शासन व्यवस्था यस क्षेत्रमा रहेको थियो। बि.स. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार २२,७८५ जनसंख्या रहेको यो गाउँपालिका ऋषिदह, ठाँटी, कुस्कोट, विन्ध्वेवासनी, शोडषा, नन्देगडा र हात्तिकोट गरी ७ वटा साबिकको गाविस समेटी हाल मेल्लेख गाउँपालिका हुन पुगेको छ। ४,७२२ घरधुरी र १६९ जनघनत्वको आकार रहेको यस गाउँपालिकामा विभिन्न जातजाती र भाषाभाषिका मानिसहरूको बसोबास रहेको हुँदा धार्मिक र सांस्कृतिक विविधता पनि उत्तिकै रहेको छ ।

### १.१.२ भौगोलिक अवस्थिति

यस गाउँपालिकाको पूर्वमा रामारोशन गाउँपालिका, पश्चिममा साँफेवगर नगरपालिका, दक्षिणमा बान्नीगढी जयगढ गाउँपालिका र उत्तरमा बाजुरा जिल्ला पर्दछन् । हाल मेल्लेख गाउँपालिकाको कार्यालय रहेको स्थान समुन्द्री सतहदेखि १६९८ मिटरको उचाइमा रहेको छ । यस गाउँपालिकको क्षेत्रफल १३४.७८ वर्ग कि.मी. रहेको छ ।

**हालको वडा बिभाजन निम्न प्रकार छन्:**

वडा नं.- १ समावेश भएको साबिक गा.बि.स.- ऋषीदह साबिकको वडा नं.- १,३,४,८ र ९
वडा नं.- २ समावेश भएको साबिक गा.बि.स.- ऋषीदह साबिकको वडा नं.- २,५,६ र ७
वडा नं.- ३ समावेश भएको साबिक गा.बि.स.- ठाँटी साबिकको वडा नं.- १ देखि ९
वडा नं.- ४ समावेश भएको साबिक गा.बि.स.- कुस्कोट साबिकको वडा नं.- १ देखी ९
वडा नं.- ५ समावेश भएको साबिक गा.बि.स.- विन्ध्वेवासनी साबिकको वडा नं.-१ देखि ९
वडा नं.- ६ समावेश भएको साबिक गा.बि.स.- शोडषादेवी साबिकको वडा नं.-१ देखि ९
वडा नं.- ७ समावेश भएको साबिक गा.वि.स.- नन्देगडा साबिकको वडा नं.- १ देखि ९
वडा नं.- ८ समावेश भएको साबिक गा.बि.स.- हात्तिकोट साबिकको वडा नं.-१ देखि ९
(**नोटः** गाउँपालिकाको वडागत जनसांख्यिक विवरण **अनुसूची १** मा समावेश गरिएको छ ।)

### १.१.३ बालबालिका तथा किशोर किशोरीहरूको तथ्याङ्क

पुरूष भन्दा महिलाको जनसंख्या ८.६ प्रतिशतले बढि रहेको यस गाउँपालिकामा औंसत परिवार आकार जनसंख्या ४.८२ रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल जनसंख्याको ०-१९ वर्ष उमेर समूहका ५,८७५ बालिका र किशोरीहरू छन् भने ५,७३९ बालक र किशोरहरू छन्, जुन कुल जनसंख्या को ५१ प्रतिशत हुन आउँछ ।

गाउँपालिका/नगरपालिका प्रोफाइल अछाम, २०७५ को अनुसार १५-२४ उमेर समूहका अदक्ष युवा सबभन्दा बढी श्रम गर्न भारत जान्छन् ।

## २. बाल विवाह सम्बन्धी नीतिगत व्यवस्था

सन् २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार समितिबाट बाल विवाह तथा जवरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरणः चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयक प्रस्ताव (UN Human Rights Council (2013). 24th session. Resolution 24/23: *Strengthening efforts to prevent and eliminate child, early and forced marriage: challenges, achievements, best practices and implementation gaps- Adopted by the Human Rights Council.*) र यसपछि सोही बर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बाल विवाह तथा जवरजस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरिएपछि बाल विवाह विरुद्धका कार्यक्रमहरू विश्वव्यापी रूपमा उच्च प्राथमिकतामा परेका छन् । (UN General Assembly (2013). 68th session. Resolution 68/148: *Child, early and forced marriage- Adopted by the General Assembly.*)

नेपालले बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ः महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६, यातना विरुद्धको महासन्धि, १९८४ जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994); चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Decleration and Platform for Action) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बाल अधिकारलाई प्रबर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधीन आलेखहरू मार्फत नागरिकहरूको आधारभूत अधिकारहरू बिषेशतः बालअधिकार संरक्षणमा प्रतिबद्धता जाहेर गरेको छ।

बाल विवाह विरुद्धको प्रयास सार्कसँग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो। यसले सार्क मुलुकहरूमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बाल विवाह विरुद्धमा आफना प्रयासहरू केन्द्रित गरेको छ । यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बाल विवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जबाफदेहिता बृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाडौं आब्हान" (Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।

संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा पुरा हुने गरी दीगो विकास लक्ष्यहरू निर्धारण गरेको छ जसमध्ये पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत "सबै प्रकारका हानिकारक अभ्यासहरू जस्तै कलिलो उमेरमा गरिने र जवरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन"मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ। सदस्य राष्ट्र भएको नाताले नेपालले यो लक्ष्य पुरा गर्न सबै प्रकारको प्रयत्न गर्नु वाञ्छनीय हुने हुनाले यो रणनीतिक योजना पनि एउटा ठोस प्रयन्नका लागि परिलक्षित छ ।

नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले कुनैपनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने गरी वालवालिकाको हकको रूपमा स्थापित गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को प्रस्तावनामा बालबालिकाको अधिकार सम्बन्धमा "बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ती गरी बालबालिकाको सर्बोत्तम हित कायम गर्न" भनी उल्लेख गरिएको छ। उक्त ऐनमा बाल विवाह गर्ने र गराउन सहयोग गर्नेलाई सजायको पनि व्यवस्था गरेको छ साथै

पिडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ। साथै उक्त ऐनको परिच्छेद ८ को बालबालिका विरुद्धको कसूर अन्तर्गत दफा ६६ को उपदफा (२) को खण्ड (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्ध हिंसा गरेको मानिनेछ भनी उल्लेख गरिएको छ साथै परिच्छेद-९ को सजाय, क्षतिपूर्ती तथा मुद्दा हेर्ने अधिकारी अन्तर्गत दफा ७२ मा सजायको व्यवस्था गरिएको छ । सो दफाको उपदफा ३ को खण्ड (ख) मा उक्त हिंसा गर्नेलाई पचहत्तर हजार रूपैयाँसम्म जरिवाना र ३ वर्षसम्म कैद सजाय हुने व्यवस्था गरिएको छ ।

त्यसैगरी किशोर किशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजना (२०७०/०७१-२०७४/०७५) ले खासगरी सीमान्तकृत किशोरकिशोरीहरूलाई असर पार्ने हानिकारक सामाजिक परम्परा विभेद न्यूनीकरण सम्बन्धी नीतिगत व्यवस्था गर्ने र निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने र वाल विवाहमा परेका किशोर किशोरी मूलतः किशोरीहरूलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुल्ला र वैकल्पिक शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरिएको छ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बाल बिवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रूपमा पहिचान गरेको छ। नीतिको रणनीति नं ८.९ मा बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरूलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ। यसैगरी रणनीति नं ९.३ मा स्थानीयस्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।

## ३. वर्तमान स्थिति

नेपाल मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे प्रतिवेदन, २०१४ मा उल्लेख भए अनुसार ४८.९% किशोरीहरू १८ वर्ष नपुग्दै विवाह गर्दछन्। त्यस्तैगरी १५-४९ उमेर समूहका महिलाहरू मध्ये १५.५% ले १५ वर्ष नपुग्दै विवाह गर्दछन। साथै १५-१९ उमेर समूहका महिलाहरू मध्ये २४.५% ले बाल विवाह गर्ने गरेको पाइयो । नेपाल उच्च बालविवाह हुने दक्षिण एसियाली देशहरूमा तेस्रोमा पर्दछ भने बाल विवाह विश्वका अन्य देशहरूमा घटिरहँदां हामीमा भने बढ्दै गएको छ ।

नेपाल जनसांङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ को अनुसार नेपालमा महिलाहरू पुरुष भन्दा अलि चाडैं उमेरमा विवाह गर्दछन्। शिक्षा हासिल नगरेका महिलाहरू एस.एल.सी. वा सो भन्दा बढी शिक्षा हासिल गरेका महिलाहरू भन्दा ४.६ बर्ष अगाडि नै विवाह गर्दछन् (शिक्षा हासिल नगरेका १६.८ बर्षमा र एस.एल.सी. वा सो भन्दा बढी शिक्षा हासिल गरेकाको २१.४ बर्षमा) । शिक्षाको स्तर बढ्दै जाँदा किशोरी उमेरमा गर्भवती हुने पनि घट्दै गएको देखिएको छ। जस्तैः शिक्षा हासिल नगरेका किशोरीहरू मध्ये ३३ प्रतिशन ले बच्चा जन्माउन शुरु गरेका छन् भने यो प्रतिशत एस.एल.सी. वा सो भन्दा बढी शिक्षा हासिल गरेका किशोरी महिलाहरूमा ७ प्रतिशत मात्र छ। अर्थात शैक्षिक अवस्थाले बाल विवाहमा अशर पार्दछ। साथै भूगोलको आधारमा हेर्दा किशोरी उमेरका महिलाहरूको प्रजनन् दर शहरी क्षेत्रमा (१३ प्रतिशत) भन्दा ग्रामीण क्षेत्रमा बढी (२२ प्रतिशत) छ।

यस पालिकाको समग्र साक्षरता दर ७६.१% देखिन्छ जस अन्तर्गत पुरुष साक्षरता दर ८३.८% छ भने महिला साक्षरता दर ६९.८% छ । पुरुष र महिलाको साक्षरता दरमा १४ अंकको फरक देखिन्छ।

कुल ४,७२२ परिवारहरूमा प्रति परिवार लगभग ४.८३ जना सदस्यहरू रहेको पाइन्छ। पारिवारिक वनावट राष्ट्रिय पारिवारिक वनावट तथा जिल्लाको पारिवारिक वनावट भन्दा बढी देखिनुमा बाल विवाह एक महत्वपूर्ण कारण हुन सक्दछ। किनकी यस पालिकामा सवैभन्दा धेरै जनसङ्ख्या १० देखि २४ बर्ष उमेर समूहमा रहेको छ। पुरुषको तुलनामा महिलाको जनसंख्या बढि रहेको यस पालिकामा महिला ५४.३% र पुरुष ४५.७% छन्। माथिको अवस्था बाल विवाह उच्च रहेको जिल्लाहरू हुने गरेको आँकडा हुन।

यस जिल्लामा दश वर्ष वा सो भन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको सबै भन्दा ठूलो हिस्साको पहिलो विवाह १५ देखि १९ वर्षको उमेरमा भएको देखिन्छ । यो उमेरभित्र ५६.३ प्रतिशत विवाहित व्यक्तिहरूको पहिलो विवाह भएको पाइएको छ । अछाम जिल्लामा सबै भन्दा बढी करिव ४५.४५ प्रतिशत पुरुषहरूको १५–१९ बर्षको उमेरमा पहिलो विबाह भएको देखिन्छ र ६३.९ प्रतिशत महिलाहरूको पहिलो विवाह १५–१९ वर्ष उमेरमा नै भएको पाइन्छ। यसैगरी १० बर्ष मुनि नै पहिलो विबाह हुने १६२ पुरुष र ६८६ महिला रहेका छन्। **(स्रोतः जिल्ला बस्तुगत विवरण, २०७२)**

यसै गरी राष्ट्रिय जनगणना २०७८ का अनुसार पहिलो पटक विवाह गर्दा को उमेर विश्लेषण गर्दा १० देखि २० उमेर समूह का जम्मा २,९५१ पुरुषहरू मध्ये ६७.७% ले विवाह गरेको पाईएको छ भने महिलाको हकमा जम्मा ५,३३४ मध्ये ८४.४% ले विवाह गरेको पाइयो ।

### ३.१ बालबालिका तथा किशोरकिशोरीहरूको तथ्याङ्क विश्लेषण

यस गाउँपालिकामा ५ बर्ष माथिका पढ्न र लेख्न नजान्ने पुरुषहरूको संख्या १,४५० छन् र पुरुष भन्दा पनि महिलाहरू (३,३०५) दुई गुणा भन्दा बढी छन्। जसले गर्दा पुरुषको तुलनामा महिलाको साक्षरता प्रतिशत निकै कम छ। पुरुषको साक्षरता ८३.८% छ भने महिलाको ६९.८% रहेको छ अर्थात महिलाको साक्षरता दर पुरुषको भन्दा १४ अंकले न्यून रहेको छ।

निश्कर्षमा यो भन्न सक्दछौं कि महिलाको जनसंख्या पुरुषको भन्दा बढी छ तर विद्यालयमा उनीहरूको उपस्थिति कम छ साथै उनीहरूनै पढेलेखेका न्यून छन्। जसले महिला हिंसा तथा बाल बिवाह हुन सक्ने सम्भावना बढी देखाउँदछ । बाल विवाह हुन सक्ने उमेर समूहका बालिका, किशोरी र युवा महिला विद्यालय बाहिर छन्, जो विद्यालय छन् उनीहरूको निरन्तरता देखिदैन। जसले यस गाउँपालिकामा बाल विवाह बढाईरहेको हुन सक्दछ । कार्यशालाका सहभागीहरूले पनि बाल विवाह बढी रहेको अनुभव सार्वजनिक गरेका थिए। कुल १०-२० उमेर समूह जनसंख्याको ८४.४% बालिका, किशोरी तथा युवा महिला रहेको यस गाउँपालिकामा बाल विवाहमा बढी पिडित बालिका, किशोरी र युवा महिला नै देखिन्छ । (नोटः माथि उल्लेखित तथ्याङ्कको स्रोत पालिका प्रोफाइल अछाम, २०७५ र केन्द्रीय तथ्याङ्क विभाग, अछाम, २०७८) ।

बाल विवाह एक बहुआयामिक सवाल हो। कतिपय छोरीहरू धेरै भएको परिवारमा बुवाआमाहरू नै छोरीहरू पोईला गईदिए हुन्थ्यो भन्ने व्यवहारबाट अप्ठ्यारोमा परेका र यही घरायसी समस्या तथा आफ्नो ह्रासोन्मूख शिक्षाको कारण छोरीहरूले भागेर बाल विवाह गर्ने गरेको पनि पाइयो । यसरी बाल विवाह गर्ने किशोरीहरू थप सामाजिक आर्थिक संकटमा परेको देखिन्छ। उनीहरू बहुआयामिक समस्याहरूमा जेलिदैं जान्छन्। जसले गर्दा समस्या समाधानमा जटिलता उत्पन्न हुन्छ। कार्याशालाका सहभागीहरूका अनुसार बाल विवाहको अवस्था यस मेल्लेख गाउँपालिकामा विकराल छ र फस्टाउँदै गईरहेको छ। आमाबुवा तथा अभिभावकले छोरा छोरीको आचरणको रेखदेखमा त्यति ध्यान पुऱ्याएको देखिदैंन। बाल विवाह भै हालेमा उनीहरू मिलेमतो गर्दछन्। कार्यशालामा उपस्थित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, स्रोतव्यक्ति र शिक्षकको भनाइ अनुसार शुरुमा भर्ना भएका विद्यार्थी पछिसम्म विद्यालयमा रहँदैनन् र बालिका तथा किशोरीहरूले बाल विवाह गरिरहेका छन् ।

सहभागीहरूका अनुसार ७ कक्षा पढ्दैदेखि बालिकाहरूले विवाह गर्ने गरेको बताए जस कारणले कतिपय बालिकाहरू बहु-विवाहको चपेटामा फरेको पनि देखिन्छ ।

## ३.२ बाल विवाहः मुख्य कारण र असरहरू

सामान्य रूपमा बालविवाहका कारणहरू धेरै छन् तर विशेषरूपमा यस गाउँपालिकामा भइरहने बाल विवाहका कारणहरू सामान्य रूपका भन्दा फरक छन्। कार्यशालामा सहभागीहरूले बाल विवाहका मुख्य कारण र असरहरूबारे समूहगत रूपमा छलफल गरेका थिए। जस अनुसार बाल विवाहका कारणहरू निम्नानुसार छन्:

- धार्मिक मान्यता र विश्वास, सामाजिक परम्परा, मान्यता र साँस्कृतिक अभ्यासबाट नेपाली समाजको बालविवाहको अवस्था प्रभावित छ ।
- विवाह पुरुष अभिभावकको जिम्मेवारी ठान्नु, लैंङ्गिक विभेद, पारिवारिक वेरोजगारी र आर्थिक गरिबी, असुरक्षा, चेतनाको अभाव र पारिवारिक बाध्यता ।
- समुदायमा बालमैत्री व्यवहार हुन नसक्नु
- किशोरकिशोरी माझ इन्टरनेटमा उपलब्ध विभिन्न सामाजिक सञ्जालहरू तथा नौंला सञ्चारका उपकरणहरूको बढ्दो लोकप्रियता।
- विद्यालय अध्ययन कमजोर हुनु वा विद्यालय छाड्नु
- साथीसँगीको लहलहै र देखासिकी
- रात्रिकालीन मेला पर्व गर्ने प्रचलन
- बालबालिका र किशोरकिशोरीहरूमा प्रजनन तथा यौन शिक्षाको अभाव
- विद्यमान ऐन, कानून, नीति नियमको प्रभावकारी कार्यान्वयन नहुनु

छलफलको क्रममा सहभागीहरूले बाल विवाहका निम्न **असरहरू** औंल्याएका थिए:

- **सामाजिक असरहरूः** छिटो विवाह हुँदा जनसंख्या बढ्ने, घरेलु हिंसा बढ्ने, वैवाहिक जीवन दिगो नहुने, शारीरिक अपरिपक्वताको कारण स्वयं आमा र बच्चाको स्वास्थ्यमा समस्या उत्पन्न हुने, बालश्रमको समस्या देखिने र वैवाहिक बलात्कार । साथै बहुविवाह, यौन दुर्व्यवहार र बेचविखन जस्ता थप हिंसाको शृङ्खला सिर्जना हुन्छ ।
- **आर्थिक असरहरूः** परनिर्भरता बढ्ने, छोराछोरीको संख्या बढ्नु, पारिवारिक बेरोजगारी बढ्ने तथा समग्रमा समाजमा गरिबीले व्यापकता पाउने ।
- **मनोसामाजिक असरहरूः** असहज महसुस, निन्द्रा नलाग्नु र तनावमा रहनु । साथै गम्भीर हुंदै गएर मानसिक हिंसामा पर्नु र दीर्घ रोगि बन्नु ।

अपरिपक्व अवस्थामा गरिएको विवाहले एकातर्फ महिलाको स्वास्थ्यमा गम्भीर असर पर्न जान्छ भने अर्कोतर्फ घरेलु हिंसा तथा दुर्व्यवहार र बेचविखन जस्ता थप हिंसाका शृङ्खला सिर्जना हुन्छ ।

## ३.३ बालविवाह विरुद्धका थालनीहरू

बाल विवाह परम्परागत रूपमा आएता पनि अब यो अमान्य, असामान्य, अशोभनीय तथा अलोकप्रिय घटना हो जसलाई यस गाउँपालिकाले पनि न्यूनिकरण गर्दै लैजाने कार्य शुरुवाती रूपमा थालनी गरेको पाइयो । कार्यशालाका सहभागीहरूका अनुसार यस गाउँपालिकामा बाल विवाह विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रम (सडक नाटक, र्‍याली, घर दैलो, साँस्कृतिक कार्यक्रम आदि), रेडियो कार्यक्रम (रेडियो बहस र जिङ्गल प्रसारण), किशोरकिशोरीहरूको प्रजनन स्वास्थ्य सम्बन्धी सचेतीकरण, विद्यालय स्तरीय प्रतियोगात्मक कार्यक्रम र बाल विवाह विरुद्ध प्रहरी साझेदारी कार्यक्रमहरू गरेको पाइयो । साथै सामाजिक संरचनाहरू जस्तै बाल अधिकार समिति तथा आमा समूह बाल विवाह विरुद्ध क्रियाशील रहेको जानकारी प्रस्तुत गरेका थिए ।

कार्यशालाका सहभागीहरूले बाल विवाह अन्त्यका लागि गर्न सकिने केही कार्यक्रमको नाम व्यक्त गरेका थिए। जस्तै गाउँपालिकाले बजेट विनियोजन गर्ने, समय तोकेर बालविवाह विरुद्ध कार्य योजना बनाउने र कार्यान्वयन गर्ने र बाल विवाहिता किशोरकिशोरी मार्फत आफ्नो भोगाई आदान प्रदान गर्ने ।

उहिले उहिले बाल विवाहको बारेमा कानूनी व्यवस्था थिएन, धर्म र संस्कृतिको नाममा बाल विवाह गरिन्थ्यो। सानै उमेरमा विवाह गराउने चलन धेरै थियो। हाल अभिभावकहरू पनि बुझ्दै गएका छन् । पाठ्यपुस्तकमा समेत बाल विवाहका प्रभावका बारेमा अध्ययन गराइन्छ । बाल विवाह गरिने परम्परालाई अहिले गलत प्रथाको रूपमा स्वीकार गरिदैं आएको पाइन्छ ।

गाउँपालिकाको कार्य योजना निर्माण गरी बाल विवाह विरुद्ध अभियान गरेको पाईएन। बाल विवाह विरुद्ध खासै ठूलो पहल कदमी गरिएको छैन। तर पनि वडाहरूमा बाल क्लबहरू गठन गरिएको छ र बाल विवाहबारे चेतनामूलक छलफल गर्ने गरिएको पाइयो । विद्यालयमा सञ्चालन हुने हरेक अतिरिक्त क्रियाकलापमा बाल विवाह सम्वन्धी छलफल गर्ने गरिएको पाइयो । साथै एक घर एक छोरी सहकारी मा शेयर कार्यक्रम रहेको पाइयो ।

## ४. रणनैतिक योजना तर्जुमा प्रक्रियामा समावेशी सहभागिता

मेल्लेख गाउँपालिकाले सरोकारवाला सबैलाई समावेश गरी बाल विवाह अन्त्यकालागि रणनैतिक योजना निर्माण कार्यशाला विभिन्न चरण मा सम्पन्न गरेको छ । सबै वडाहरूबाट जन प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । वडाका अध्यक्षहरूको सक्रिय सहभागिता रहेको थियो । एक प्रकारले समग्रमा पालिकानै समान रूपमा सहभागी भएको पाइयो किनकी कार्यशालामा पालिकाको सबै जातजाति, वर्ग, समूह, वडाहरूको प्रतिनिधित्व रहेको थियो। साथै बालबालिका किशोरकिशोरी, बाल संरक्षण समिति, बाल क्लब, स्वास्थ्य स्वयंसेविकाहरूको समावेशी सहभागिता रहेको थियो । सहभागीहरूको विवरण **अनुसूची २** मा समावेश गरिएको छ ।

उक्त कार्यशालामा सहभागीहरू व्यक्तिगत तथा समूहगत तवरले रणनीति तर्जुमा गर्न योगदान गरेका थिए । सहभागीहरूको समूह अभ्यासबाट धेरै महत्वपूर्ण जानकारी, सूचना र तथ्याङ्क एवं सुझावहरू संकलन गरिएको थियो । सहभागीहरूले आफ्नो गाउँपालिकाको रणनैतिक योजना कस्तो बनाउने भन्ने बारेमा पनि आ-आफ्नो राय राखेका थिए । रणनैतिक योजना तर्जुमाको चरणमा विशेष सरोकारवालाहरू (हेल्थपोस्ट, प्रहरी, महिला तथा बालबालिका शाखा, महिला स्वंयसेविका, बालक्लब/किशोरी सञ्जाल र बाल अधिकार समिति) सँग छुट्टै बसी प्रश्नोत्तर विधिमा र हालै विवाह गरेको सहित बाल विवाह गरेकाहरूसँग पनि मुख्य सूचकको रूपमा छलफल गरिएको थियो । जसबाट बाल विवाहको अवस्था विश्लेषण तथा कार्य योजना निर्माणमा सहयोग पुगेको थियो ।

यो रणनीतिक योजना तर्जुमा कार्यमा प्रत्यक्ष सहभागीहरूबाट प्राप्त पृष्ठपोषणलाई मुख्य आधारको रूपमा लिइएको छ । साथै आवश्यकता अनुसार केही अनिवार्य प्राविधक पक्ष र सहायक सन्दर्भ अध्ययन तथा विश्लेषणलाई पनि समावेश गरिएको छ । कार्यशालाको अन्त्यमा सहभागीहरूका छलफलबाट आएका सुझावहरूको आधारमा तयार पारिएको रणनीतिक योजनाको सम्भावित खाका प्रस्तुत गरिएको थियो। सहभागीहरूले व्यक्त गरेको विचार, राय तथा सुझावको आधारमा देहायका बुँदाहरू टिपोट गरिएको छः

- विवाहलाई पुरुषहरूले अटुट दाम्पत्य जीवन भन्दा पनि दम्पतीको मिलन तथा विवाह बन्धनको रूपमा लिने र धर्म, संस्कृति र मर्यादासँग मात्र जोडेर हेर्ने परम्परा ।

- आमाबुवा र परिवारजन नै बाल विवाहलाई निरन्तरता दिने गर्दछन् ।
- बाल विवाह लगायत छिट्टै हुने विवाह र बाध्यकारी विवाहले पार्न सक्ने शारीरिक, मानसिक, पारिवारिक, मनोसामाजिक र स्वास्थ्यसँग सम्बन्धित हानी तथा क्षतिबारेमा ज्ञानाभाव ।
- बाल विवाह गर्नु संवैधानिक तथा कानूनी अपराध हो भन्ने बारे आम मानिसमा र बालबालिका तथा किशोरकिशोरीहरूमा बाल विवाहबाट हुने हानी तथा क्षतिबारे ज्ञानाभाव ।
- बालबालिका तथा किशोरकिशोरीहरू तथा उनीहरूको अभिभावकमा शिक्षालाई उमेर अनुसार निरन्तरता दिन पर्छ भन्ने सोचको कमी ।
- किशोरकिशोरीमाझ सामाजिक सञ्जालको बढ्दो प्रयोगले बाल विवाहलाई बढावा दिईरहेको ।
- रक्सी चुरोट, गुट्का र सूर्तीजन्य पदार्थहरूको विक्री कानूनक बर्खिलाप हुने गरी खुले आम विक्री वितरण हुनु। दर्ता नगरिएको पसलको एउटै ढोकाबाट विहान दिउँसो कपीकलम र रक्सीसँगै विक्रि वितरणमा हुनु । (एउटा वडाले रक्सी विक्री वितरणमा रोक लगाएको पनि पाइयो )
- बाल विवाहले मातृशिशु मृत्युदर बढ्न जान्छ ।
- विद्यमान कानूनको फितलो कार्यान्वयन। अनिवार्य सरोकारवालाहरूको समुचित परिचालन गर्न सकिने अवस्था हुँदा हुँदै पनि परिचालन नभएको अवस्था ।
- गाउँपालिकाको समग्रमा बाल संरक्षण नीति तथा विशेषतः बाल विवाह अन्त्यकालागि कुनै ठोस नीति नहुनु ।
- गाउँपालिकालाई प्राप्त 'स्थानीय तह स्वायत्तताको अधिकार" लाई अवसरको बालविवाह अन्त्यकालागि सदुपयोग गर्ने अवसर हुनु ।

विज्ञहरूले सहजीकरणमा तयार गरिएको रणनीति योजनालाई अन्तिम रूप दिन तथा गाउँपालिकालाई अनुमोदनका लागि सिफारिस गर्न एक गाउँपालिकास्तरीय मस्यौंदा समितिको गठन गरिएको छ। मेल्लेख गाउँपालिकाले बाल विवाह विरुद्धको अभियानमा रणनीतिक योजना तर्जुमा शुरुवात गरी जिल्लामा नै उदाहरणीय कार्य सम्भवतः यस जिल्लामै यो पहिलो हुन सक्दछ। वर्ल्ड भिजन इन्टरनेशनलको आर्थिक सहयोगमा यो रणनीति तयार भएको हो ।

## ५. रणनीतिक योजनाको मूल्य र मान्यता

- बालविवाह एक हानीकारक परम्परागत अभ्यास हो भन्ने तथ्यलाई आत्मसात गर्दै पुस्तौंदेखि प्रचलनमा रहेको यसको उन्मूलनको लागि गाउँपालिकाका सरकारी निकाय, गैरसरकारी संस्थाहरू तथा सम्पूर्ण नागिरक समाजलाई प्रतिबद्ध गराउनु ।
- नेपालको संविधान २०७२ ले बाल विवाहलाई बन्देज गरेको र बाल विवाहलाई कानूनी रूपमा दण्डनीय अपराध माने तापनि मेल्लेख गाउँपालिकामा बालविवाह विद्यमान रहेको हुँदा बाल विवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्नु
- "अरुको घरमा जाने जात" वा "छोरीको जन्म हारेको कर्म" जस्ता निकृष्ट पितृसत्तात्मक सोचमा आमूल परिवर्तन ल्याई छोरीहरूलाई सम्मानजनक संरक्षणको वातावरण श्रृजना गर्नु
- बालबालिका तथा किशोरकिशोरीहरूले आफ्नो विवाहलाई आफ्नो विचार र भावना सम्मत बनाउन विवाहको निर्णयमा उनीहरूको पहुंच सुनिश्चित गरी व्यक्तिगत अधिकार स्थापित गर्नु
- बालविवाह बहु-आयामिक र बहु-सरोकारको सवाल भएकोले यस गाउँपालिकामा सबै गाउँपालिका सम्बद्ध निकायहरू, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं बालवालिका

एवं किशोरकिशोरीहरू तथा अभिभावकहरूको समन्वयात्मक एकीकृत पहल गर्नु र सरोकारवालाहरूबीच सहकार्य र समन्वयबाट एकीकृत रूपमा अभियान केन्द्रित थालनी गर्नुपर्ने भएकोले गाउँपालिकाले कार्यान्वयन, समन्वय र अनुगमन संयन्त्रको विकास गर्नु

- बाल विवाहको अन्त्य गर्ने र बाल विवाहको कारणवाट सृजित विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै यस गाउँपालिकाको विकासमा उनीहरूको समान सहभागितालाई सुनिश्चित गर्नु
- गाउँपालिकालाई प्राप्त स्वायत्तताको अधिकारको अवसरलाई बाल विवाह अन्त्यका लागि सदुपयोग गरी आफ्नै अगुवाईमा नीति तथा कार्यक्रमहरू निर्माण गर्नु
- स्थानीय रूपमा उपलब्ध साधन र स्रोतको पहिचान र प्रभावकारी परिचालन मार्फत् बाल विवाहको अन्त्य गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्नु।
- मेल्लेख गाउँपालिकालाई बाल विवाह लगायत बालबालिका विरुद्धका सबै प्रकारका हिंसा शोषण तथा दुर्व्यवहारबाट मुक्त बनाउन सबै सरोकारवालाहरूलाई प्रतिबद्ध बनाउनु ।

## ६. रणनीतिक योजनाका सिद्धान्तहरू

### ६.१. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता:

कठिन परिस्थितिमा रहेका तथा बाल विवाह, दुर्व्यवहार, शोषण, हिंसालगायतका हानीको जोखिममा रहेका र त्यसबाट पिडीत भएका बालबालिकाको वास्तविक अवस्थाप्रति समानुभूति राखी उनीहरूको समस्या समाधानमा यस गाउँपालिकाले प्राथमिकता दिनेछ। साथै बाल अधिकार प्रवर्धन कार्य गर्दा बालबालिकालाई उनीहरू विरुद्ध हुने कुनै पनि प्रकारका हानीबाट जोगाउन प्राथमिकता दिइनेछ । बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गरिने छ ।

### ६.२. सम्मान र सामाजिक न्याय:

मेल्लेख गाउँपालिका सबै जात, धर्म, वर्ण, लिङ्ग, उमेर, क्षेत्र र सम्प्रदायका बालबालिका तथा किशोरकिशोरीप्रति सम्मान राखी कार्य गर्दछ। ती सबै प्रकारका आधारमा बालबालिका तथा किशोरकिशोरीविरुद्ध हुने विभेद अन्त्य गरी सबैकालागि बाल अधिकार भन्ने मान्यतालाई व्यवहारमा लागू गर्न गराउन प्रयत्नशील रहनेछ। राज्यका निकाय तथा सामाजिक संघसंस्थालाई प्रत्येक बालबालिकाका सबै अधिकारहरू सुनिश्चित गर्न सामाजिक न्यायको सिद्धान्तको आधारमा परिलक्षित गराई कुनै पनि बालबालिका कुनै पनि अधिकारबाट बञ्चित नहुन भनेर हामी क्रियाशील रहनेछौं।

### ६.३. अर्थपूर्ण सहभागिता:

बालबालिकासँग सरोकारका सबै विषयमा निर्णय लिँदा, उनीहरूको हक अधिकारसम्बन्धी योजना, नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा बालबालिकाको बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा उनीहरूको सहभागिता सुनिश्चित गर्न जोड दिइनेछ। यसको लागि यस गापाले सबै सरोकालाहरूको कार्यको सन्दर्भमा बालबालिकाको सहभागिता बढाउन नेतृत्व लिनेछ। साथै, बालबाबलिकाको सहभागिता अर्थपूर्ण होस् भन्ने अभिप्रायले आवश्यक नीति, विधि तथा पद्धतिको विकास गर्न र यससम्बन्धी अभ्यास बढाउन जिल्ला बाल कल्याण समिति क्रियाशील रहनेछ। बालसहभागिताले बालबालिकामा जिम्मेवारीको वोध हुने मात्र नभई उनीहरूको इज्जत र मर्यादालाई

उँचो बनाई समुन्नत समाज निर्माणमा उनीहरूको भूमिकालाई सुनिश्चित गर्न सकिन्छ भन्ने कुरामा यस गापा विश्वस्त हुनेछ।

### ६.४. समता र समावेशीकरण:

समतामूलक एवम् समावेशीकरणको सोच, पद्धती, दृष्टिकोण र व्यवहारबाट मात्र बालबालिकाको अधिकार सुनिश्चित गर्न सम्भव हुन्छ । यसो भएकोले आर्थिक र सामाजिक रूपमा पछाडि परेका परिवारका बालबालिका, जोखिमी अवस्थामा रहेका बालबालिका, न्यूनतम सुविधाहरू तथा आधारभूत अधिकारबाट बञ्चित भएका बालबालिका, बालविवाह, भेदभाव, दुर्व्यवहार, शोषण तथा हिंसाबाट पीडित वा त्यस्तो जोखिममा रहेका बालबालिकाका हकअधिकार सुनिश्चित गर्ने र उनीहरूलाई अधिकतम अवसर उपलब्ध गराउन गापा क्रियाशील हुनेछ ।

### ६.५. साझा जिम्मेवारी बहन र उत्तरदायित्व:

बालबालिकाको हकअधिकारको प्रवर्द्धन गर्नु सबै वयस्क व्यक्ति तथा व्यवसायिक र सरकारी निकाय, संघसंस्था तथा नीजि क्षेत्रको साझा जिम्मेवारी र उत्तरदायित्व हो । हाम्रा बालबालिकाको अधिकार रक्षा गर्न हामी सक्षम छौं र त्यसको लागि सकारात्मक सोचको विकास गरिनु आवश्यक छ । यसको लागि हामी 'बालबालिकाको लागि मिलेर काम गरौं' भन्ने अभियानलाई अगाडि बढाउनेछ ।

### ६.६. बालमैत्री वातावरणको प्रवर्द्धन:

परिवार, विद्यालय, सरकारी कार्यालय, संघसंस्था, सार्वजनिक स्थल, विकासका संरचनाहरू, सञ्चारका माध्यमहरूलगायत सबै क्षेत्रहरूमा भिन्न उमेर, लिङ्ग, अपाङ्गता भएका बालबालिकालाई मैत्रीपूर्ण हुने वातावरण सृजना गर्नको लागि यस गापा निरन्तर पैरवी गर्नेछ । बालबालिकासँग सम्बन्धित स्थानहरू, भवनहरू, सेवाहरू तथा उनीहरूको हकअधिकार प्रवर्धनमा गरिने सबै कार्यहरूमा लक्षित बालबालिकाको सहज पहुँच बढाउनको लागि सम्बन्धित सबैमा चेतना अभिवृद्धि गर्ने तथा बालबालिकाको तर्फबाट गापा निरन्तर वकालत गर्नेछ ।

### ६.७. राज्यको दायित्व:

बाल अधिकारको संरक्षण र संवद्धर्न विषयमा एक पटक मात्र काम गरेर पुग्दैन । योजना, कार्य, सिकाइ र पुन योजनाको चक्रबाट निरन्तर प्रयास जारी राख्नुपर्दछ । यसको लागि गाउँपालिकाले सबै सरकारी निकाय, गैर सरकारी संघसंस्थाहरू र निजीक्षेत्र तथा बालबालिका र उनीहरूले नेतृत्व गरेका संस्थाहरूसँग मिलेर आफ्नो प्रयासलाई निरन्तरता दिने कार्यको अगुवाई गर्नेछ। स्थानीय सरकारको भूमिकामा रहेर राज्यको दायित्व गाउँपालिकाले निभाउने छ ।

## ७. रणनीतिक दावी विवरण

### ७.१. परिकल्पना

बाल विवाह रहित बालमैत्री पालिका हाम्रो चाहना
शिक्षित, सभ्य, नैतिकवान मेल्लेख गाउँपालिका हाम्रो कामना

### ७.२ ध्येय

बालविवाह मुक्त वातावरणमा बालबालिकाको अधिकार को सुनिश्चितता गर्ने ।

### ७.३ लक्ष्य

बि.स. २०८३ सम्ममा बाल विवाहको अन्त्य गरिने छ ।

### ७.४ उद्देश्यहरू

माथि उल्लेखित लक्ष्य हासिल गर्नको लागि देहाय बमोजिमको उद्देश्यहरू निर्धारण गरिएको छः

- तालिम, अन्तर्क्रिया, प्रतियोगिता, कार्यशाला, बैठक, भेटघाट, भ्रमण र छलफल लगाएतका ज्ञान र सिप अभिवृद्धि तथा बानी परिवर्तन कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गरी बालबालिका र किशोरकिशोरीहरूलाई बाल विवाह विरुद्ध परिवर्तनको संवाहक बनाइने छ ।
- विद्यालयहरूमा अनुगमन र स्तरोन्नती गरी सम्पूर्ण बालबालिका तथा किशोर किशोरीहरूकालागि गुणस्तरिय प्राविधिक/गैर-प्राविधिक शिक्षा (औंपचारिक/अनौपचारिक) सुनिश्चित गरिने छ साथै प्रत्येक विद्यालय मा कक्षा ६ देखि १० सम्म महिनाको एक दिन बाल विवाह सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन को सुनिश्चितता गरिने छ ।
- बस्ति स्तरमा हुने बाल विवाह अन्त्य सम्बन्धी चेतना अभिवृद्धिका कार्यक्रमहरूमा बालक, किशोर तथा पुरुषहरूको सहकार्य र सहभागिता सुनिश्चित गरिने छ ।
- बाल विवाह अन्त्यमा परिवार र आफन्तको प्रमुख दायित्व हुने हुनाले उनीहरूलाई जिम्मेवार र जवाफदेही बनाउने साथै गैरजिम्मेवार आफन्तजनहरूलाई कानूनसम्मत दण्ड गरिने छ ।
- बाल विवाह अन्त्यकालागि दीर्घकालीन, मध्यकालिन र अल्पकालीन योजना सहितको आवश्यक एकीकृत आवधिक योजना तर्जुमा र कार्यविधी तयार गरी बहुवर्षीय कार्य योजना तयार पार्ने र कार्यन्वयनकालागि उचित बजेटको व्यवस्थापन गरिने छ ।
- बाल विवाह विरुद्धका क्रियाकलापमा सबै सरोकारवालाहरूलाई जिम्मेवारपूर्वक गम्भीर हुन समन्वयात्मक तवरले दोहोरोपना हटाई एकमुस्ठ ठूलो अशर पार्न सघन कार्य योजना तयार पारी सबैसँग समन्वय र सञ्चार गरिने छ ।
- बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी बनाइने छ ।
- बाल विवाह अन्त्यका लागि स्रोतसाधनको पहिचान तथा उपलब्ध स्रोतसाधनको समुचित परिचालन गर्ने र सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

माथि उल्लेखित उद्देश्यहरू पूरा गर्नको लागि कार्य योजना तयार पारिने छ र तुरुन्तै कार्यान्वयनमा ल्याईने छ । विस्तृत कार्य योजना **अनुसूची ३** मा उल्लेख गरिएको छ ।

## ८. रणनीति

### ८.१ रणनीति

रणनीतिक योजनाले लिएको उद्देश्य पूरा गर्नकोलागि देहाय बमोजिमका व्यवहारिक रणनीति तय गरिएका छन्ः

- बालिका र किशोरी सशक्तिकरणकालागि लैङ्गिक रूपान्तरण अवधारणा प्रयोग गर्ने ।
- बाल विवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाहरूलाई प्राथमिकताका साथ सबै कार्यक्रमहरूमा प्रत्यक्ष लाभान्वित समूह मानी सक्रिय सहभागी गराइने ।
- सामाजिक परिचालन विधि मार्फत परिवार तथा समुदायको परिचालन गरिने ।

- गाउँपालिकाको विकास गतिविधि बालकेन्द्रित सामुदायिक विकासको अवधारणामा आधारित भई सञ्चालन गरिने ।
- बाल विवाह अन्त्यकालागि सामुहिक पैरवी अभियान निरन्तर सञ्चालन गरिने ।
- बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चित गरिने ।
- संघीय तथा प्रादेशिक सरकारले बाल विवाह अन्त्यकोलागि अघि सारेको रणनीति अनूकुल कार्य योजना निर्माण गरी राष्ट्रिय लक्ष्य प्राप्तीमा सहयोग गर्ने ।
- गाउँपालिका, वडा समितिहरू, राजनीतिक दलहरू, नेपाल प्रहरी, सामाजिक संघ संस्था, बाल क्लव, बालबालिका/किशोरकिशोरी सञ्जाल, युवा महिला समूह, परिवार तथा अन्य सरोकारवालाहरूमा बाल विवाह शुन्यमा झार्ने योजनामा समान बुझाइको विकास गरिने ।
- गाउँपालिकाले बहु-वर्षीय एकीकृत आवधिक योजना तर्जुमा गरी कार्यन्वयन गरिने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधन गरी बाल विवाह अन्त्यकालागि निश्चित मापदण्ड तयार गर्नै पर्ने प्रावधान थपी कानून र नीतिको सुदृढीकरण गर्ने ।
- अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन समिति प्रत्येक वडा कार्यालयहरूमा विस्तार गर्ने ।
- निगरानी समूह, बालक्लब, किशोरी/युवा सञ्जाल जस्ता बालअधिकार संरक्षण/बाल बिवाहको अन्त्यको क्षेत्रमा क्रियाशिल संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त र गाउँपालिका तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।
- गाउँपालिकामा कार्यरत संघसंस्थाहरूले सञ्चालन गरिरहेका गतिविधिहरूमा बाल विवाह अन्त्यलाई सह सम्बन्धित सवालको रूपमा लिन लगाउने ।

## ८.२ सरोकारवाला

रणनीतिक योजनाको मुख्य लक्षित समूहहरू देहाय बमोजिम छन्:

**अ) प्रत्यक्ष सरोकारवाला:**

१. बालबालिका तथा किशोरकिशोरी मुख्य रूपमा बाल विवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका/किशोरी र विवाहिता तथा युवा महिलाहरूलाई

२. उनीहरूका परिवारजन र अभिभावक

**आ) अप्रत्यक्ष सरोकारवाला:**

१. सरकार र सरकारका निकायहरू

२. स्थानीय गैरसरकारी संघ संस्थाहरू

३. स्थानीय सहकारी, लघुवित्त कम्पनी र विद्यालयहरू

४. स्थानीय तहमा रहेका विभिन्न छाता संगठनहरू

५. पत्रिका, रेडियो

६. धार्मिक संस्थाहरू

७. स्वंयसेविका तथा आमा समूहहरू

८. बाल क्लब र किशोरकिशोरी सञ्जाल

९. अन्य विभिन्न स्थानीय समूह एवं सञ्जालहरू

१०. समुदाय

## ९. कार्य योजनाको आधार र समय सिमा

### ९.१ कार्य योजनाको आधार

- रणनीतिक तथा कार्य योजना बालबालिका र किशोरकिशोरीहरूको सर्वोत्तम हित प्रति समर्पित हुनेछ।
- गाउँपालिकाले सबै सेवा प्रदायकलाई बाल विवाह विरुद्ध महत्वपूर्ण योगदान गर्न र गम्भीर जवाफदेही बन्न बाध्य पारिनेछ ।
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शनको वार्षिक योजना तथा वजेटका प्राथमिकताहरूमा बालविवाह अन्त्यको लागि बजेट व्यवस्थापन गर्नु पर्ने बाध्यकारी प्रावधानको व्यवस्था गर्न संघीय सरकारसँग पैरवी गर्ने ।
- बाल विवाहका अशरहरू राज्यको दायित्व भित्र पर्दछन् र राज्यले जिम्मा लिनु पर्दछ ।
- गाउँपालिकाले बाल विवाह विरुद्धको अभियानलाई आवधिक योजना तर्जुमा गरी शिघ्र कार्यान्वयनमा ल्याउनेछ ।
- यी मान्यताहरूलाई समावेश गरी तयार पारिएको विस्तृत कार्य योजना अनुसूची ३ मा समावेश गरिएको छ ।

### ९.२ समय सिमा

यस रणनीतिक योजनाको समयावधी ३ वर्षको (२०८०-२०८३ ) रहनेछ ।

## १०. जिम्मेवारी र भूमिका

### १०.१. स्थानीय सरोकारवालाहरू र गाउँपालिका विच सम्बन्ध र जिम्मेवारी

| क्र. सं. | स्थानीय सरोकारवालाहरू ( सरकारी निकाय, संघ, संस्था र संयन्त्र) | रणनीति तथा कार्य योजना कार्यान्वयनमा गाउँपालिकासँगको सम्बन्ध | सरोकारवालाहरूको विशेष जिम्मेवारी |
|---|---|---|---|
| १ | वडा कार्यालयहरू | मार्गदर्शन/निर्देशन प्राप्त गर्ने, सहकार्यमा कार्यान्वयन गर्ने र जिम्मेवारी लिने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख बाल विवाह अन्त्यका लागि कार्यहरू गर्ने जिम्मेवारी लिने। |
| २ | विद्यालयहरू | निर्देशन प्राप्त गर्ने, सहकार्य, नियमन र कार्यान्वयन | सामाजिक बिषयको अध्यापकलाई बाल विवाहका नकारात्मक पक्षहरूबारे बालबालिकाहरूलाई अनुशिक्षण गर्ने गरी जिम्मेवार बनाउने, बालबालिकाहरूलाई बाल विवाह विरुद्ध परिवर्तनको संवाहक बनाउने । |
| ३ | बाल अधिकार समितिहरू | निर्देशन प्राप्त गर्ने, समन्वय, सहयोग र सहकार्य | घटना व्यवस्थापन, अभिलेखीकरण, जोखिममा रहेको समूह पहिचान गर्ने, बाल विवाह विरुद्ध अभियान, सचेतना, सूचना प्रवाह । |
| ४ | स्वास्थ्य/कृषि/पशु/महिला विकास शाखा/कार्यालयहरू | निर्देशन प्राप्त गर्ने, सहकार्य, नियमन र कार्यान्वयन | बाल विवाहको जोखिममा रहेका परिवारलाई सेवा सुविधा सरल तरिकाबाट उपलब्ध गराउने, सो सम्बन्धमा कार्यनीति बनाउने |
| ५ | सुरक्षा निकायहरू | निर्देशन प्राप्त गर्ने, सहकार्य, नियमन र कार्यान्वयन | बाल विवाह विरुद्ध कानूनी कार्यान्वयन तथा कारबाही । |

| | | | |
|---|---|---|---|
| ६ | गैरसरकारी संघ संस्था | समन्वय र सहकार्य | बाल विवाह अन्त्यकालागि साझेदारी विकास, संयुक्त योजना निर्माण र कार्यान्वयन। |
| ७ | महिला/आमा समूह | सहकार्य, समन्वय, सचेतना र खवरदारी | घरमा बालबालिकाको शिक्षा, पोषण र सहभागिता सुनिश्चत गर्ने, बाल विवाह विरुद्धको अभियानमा सहभागि र अन्य संघ संस्था तथा कार्यालयहरूसँग सहकार्य गर्ने । |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका | निर्देशन प्राप्त गर्ने सहकार्य र समन्वय | बाल बालिकाहरूको स्वास्थ्य निरिक्षण, घरदैलो अभियान गर्ने, बाल विवाह विरुद्ध सूचना प्रवाह, सबै शिशुहरूको खोपमा पहुँच वृद्धि गर्ने, स्वास्थ्य सूचना तथा सेवा प्रवाह गर्ने। |
| ९ | बाल/युवा क्लब | सहकार्य, समन्वय, सहभागिता, अनुगमन र खबरदारी<br>नियमन, सहयोग र सहकार्य | बाल सहभागिता अभिवृद्धि, बाल विवाह विरुद्ध घरदैलो अभियान गर्ने, गाउँपालिकालाई कार्य योजना अनुसार कार्य गर्न सहयोग गर्ने। आफ्नो नियिमत बैठकमा बालविवाह विरुद्ध एजेन्डा राखी छलफल गर्ने । |
| १० | व्यवसायी, उद्योगी | नियमन, सहयोग र सहकार्य | लैङ्गिक रूपान्तरण अवधारणामा आधारित रहेर बाल विवाहको जोखिममा रहेका किशोरी, युवा महिलाहरूलाई रोजगारी र ईन्टर्नसिप सहयोग। |
| ११ | राजनैतिक दलहरू | साझा प्रतिवद्धताकालागि सहजीकरण, समन्वय, सहकार्य र नेतृत्व लिने | बाल विवाह अन्त्यकालागि समान अवधारणा सहित जिम्मेवारीबोध, बाल विवाह अन्त्यकालागि नेतृत्व लिने र नीतीनियमको विकास गर्ने । |
| १२ | सञ्चार जगत | समन्वय र सहकार्य | बाल विवाह अन्त्यकालागि सूचना प्रवाह र सरोकारवालाहरूको प्रतिवद्धता लिने । |
| १३ | अभिभावक तथा शिक्षक | कार्यान्वयन, नियमन, समन्वय, सहकार्य र खबरदारी | बाल विवाह विरुद्ध जिम्मेवारी बोध, छोराछोरीलाई सहयोग, नीतिनियमको पालना, सक्रिय सहकार्य |
| १४ | सहकारी (कृषि तथा पशु) | सहयोग र सहकार्य | बाल विवाह विरुद्ध जिम्मेवारी बोध, छोराछोरीलाई सहयोग, नीतिनियमको पालना, सक्रिय सहकार्य |
| १५ | धार्मिक सङ्गठन र धर्मगुरुहरू | समन्वय र सहकार्य | जिम्मेवारीपूर्वक बाल विवाह नगराउने, लगन निकाल्न पर्ने भएमा २० वर्ष पारी निकालिदिने, बाल विवाह र धार्मिकता विच कुनै सम्बन्ध छैन भन्ने वकालत गर्ने। |
| १६ | सामुदायिक वन | कार्यान्वयन, नियमन र समन्वय | समिति सदस्यहरूलाई बाल विवाह न्यूनिकरणमा योगदान गर्न आह्वान र गाउँपालिकाबाट सहयोग। |

बाल विवाह अन्त्यका लागि समन्वयात्मक रूपमा एकीकृत तवरले कार्यक्रमहरू गर्न र स्थानीय तह, निकायहरूसँग समन्वय गरी बजेटको व्यस्था गर्नकोलागि निम्न उल्लेखित संस्थागत संरचना निर्माण गरिनेछः

### १०.२. क्षमता अभिवृद्धि समिति

सरकारी, गैरसरकारी समुदायको क्षमता अभिवृद्धि गर्न, अनुगमन तथा पृष्ठपोषण गरी कार्यक्रमलाई प्रभावकारी बनाउन, एकद्वार प्रणाली मार्फत दोहोरापन हटाउन र बहुआयामिक तथा एकीकृत अशर पारी बाल विवाहको अन्त्य गर्नको लागि समिति तयार पारिने छ ।

**जिम्मेवारी**

- गाउँपालिकामा उपश्थित मानव स्रोत परिचालन ।
- आवश्कयता अनुसार तालिम तथा अन्तर्क्रिया सञ्चालन गर्ने । पदाधिकारी, विभाग कर्मचारीहरू र समुदायको मानवीय क्षमता विकासमा योजनाबद्ध कार्यक्रम सञ्चालन गर्ने ।
- बाल विवाह मुक्त वडा घोषणामा सहयोग गर्ने ।
- बाल कोष अभिवृद्धिमा लबिङ गर्ने ।
- आवश्यकताका आधारमा ज्ञान, सिप, प्रविधि विकास गर्न तालिम, गोष्ठी, अध्ययन अवलोकन भ्रमणका कार्यक्रम पर्याप्त सञ्चालन गर्ने ।
- गाउँपालिकामा सञ्चालित कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण गर्ने ।
- कार्यक्रमलाई प्रभावकारी बनाउन, एकद्वार प्रणाली मार्फत दोहोरापन हटाउन भूमिका खेल्ने ।
- बहुआयामिक तथा एकीकृत अशर पारी बालविवाहको अन्त्य गर्न एकीकृत कार्ययोजना तयार पार्ने। बास्केट फण्डको विकास गरी सघन कार्यक्रम सञ्चालन तालिकासहित बैठक राख्ने र परिचालन गर्ने

### १०.३. कार्यन्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति

यस रणनीतिको कार्यान्वयनकोलागि गाउँपालिकामा कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति रहने छ जसमा गाउँपालिकाको नेतृत्वदायी भूमिका रहने छ। यस समितिले “बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२”अनुसार सङ्घीय र प्रदेशसँगको समन्वयमा कार्य गर्ने छ । रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न गाउँपालिकाको कार्यकारी प्रमुखको संयोजकत्वमा देहायका सदस्यहरू सम्मिलित एक समिति रहनेछ। यस समितिले रणनीति तथा कार्ययोजनामा रहेका बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई आफ्नो गाउँपालिका भित्रका वडा कार्यालयहरू र अन्य गैर सरकारी संस्था तथा नागरिक समाजसँग समन्वय गरी वार्षिक कार्यक्रम मार्फत प्रभावकारी कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नेछ। यस समितिको काम, कर्तव्य र अधिकार आवश्यकता र प्राथमिकता अनुसूची ४ मा उल्लेख गरे अनुसारको हुने छ

| | |
|---|---|
| १) प्रमुख प्रशासकिय अधिकृत, गाउँपालिकाको कार्यालय | संयोजक |
| २) वडा अध्यक्ष मध्ये बाट ३ जना | सदस्य |
| ३) गाउँ कार्यपालिकाको महिला सदस्य | सदस्य |
| ४) प्रमुख, शिक्षा शाखा | सदस्य |
| ५) प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ६) नगर स्तरीय बाल क्लब सञ्जाल बाट १ जना बालक १ जना बालिका | सदस्य |
| ७) समितिले तोकेको नागरिक समाजको ३ जना प्रतिनिधि | सदस्य |
| ८) प्रमुख, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | सदस्य सचिव |

### ११. रणनीतिक योजनाका सफलताका सूत्रहरू

१०.१ रणनीतिको विभिन्न माध्यम मार्फत प्रचार प्रसार गर्ने ।

१०.२ विद्यमान कानूनको कार्यान्वयनमा जोड दिनु पर्ने ।

१०.३ गाउँपालिकाले आवधिक योजना बनाई कार्यान्वयन गर्ने । संघसंस्थाहरूलाई सोही योजना अनुसार कार्यक्रममा समायोजन गर्न र कार्यान्वयन गर्नकोलागि समन्वय र सहकार्य गर्ने ।

१०.४ गाउँपालिकाबाट गर्नु पर्ने अनुगमन र मूल्याङ्कन नियमित गर्ने

१०.५ विद्यमान संयन्त्रहरू र सरोकारवालाहरूले तोकिएको जिम्मेवारी इमान्दारी एवं कुशलतापूर्वक निभाउने ।

## अनुसूचीहरू

### अनुसूची १: गाउँपालिकाको वडागत जनसांख्यिक विवरण

| वडा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| १ | २,३४० | १,०६२ | १,२७८ |
| २ | २,२२० | १,०६७ | १,१५३ |
| ३ | २,५०० | १,१७६ | १,३२४ |
| ४ | ४,२६७ | १,९२६ | २,३४१ |
| ५ | ३,०९० | १,४१३ | १,६७७ |
| ६ | ३,४१६ | १,६०३ | १, ८१३ |
| ७ | ३,४५७ | १,५३५ | १,९२२ |
| ८ | १,४९५ | ६४० | ८५५ |
| **कूल** | **२२,७८५** | **१०,४२२** | **१२,३६३** |

### अनुसूची २ कार्याशालाका उपस्थिति विवरण

## अनुसूची ३ बाल विवाह अन्त्यका लागि कार्ययोजना

### क) बालिका र किशोरी क्षमता विकासकोलागि

| क्र. सं. | कार्यक्रम/गतिविधि | कतिपटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | कति बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | जीवन उपयोगी सिप तालिम | २ पटक, गाउँपालिका वा पाएक पर्ने स्थान | आव २०८१/८२ को पहिलो चौमामा | गाउँपालिका वा समन्वयमा संस्थाले | अनुभवी सहयोगी संस्थासँग मिलेर र अनुभवी सहजकर्ताको सहजीकरणमा | ३१० |
| २ | दौतरी शिक्षा (बालिका तथा किशोरीहरूलाई समूहमा आवद्ध गराई अभियान गर्न) | २ पटक, ८ वटा वडा कार्यालयहरू | आव २०८१/८२को पहिलो चौमामा | गापा/वडा कार्यालय | अनुभवी सहयोगी संस्थासँग मिलेर | ४०० |
| ३ | सेनेटरी प्याड व्यवस्थापन (वितरण, निर्माण र विसर्जन) | प्रत्येक विद्यालयमा | बर्षमा २ पटक | गा.पा., वडा कार्यालय, स्वास्थ्यकर्मी | विद्यालयको नर्सको समन्वयमा | १५० |
| ४ | छाउपडी विरुद्ध (महिनावारी व्यवस्थापन) सचेतीकरण | २ पटक, ८ वटा वडा कार्यालयहरू | आव २०८१/८२ को पहिलो चौमामा | वडा कार्यालय, स्वास्थ्यकर्मी र सङ्घ संस्था | अनुभवी स्वास्थ्यकर्मीको सहजीकरण | ५० |
| ५ | खेलकुद शिक्षा | बर्षमा कम्तीमा १ पटक (सबै विद्यालय) | उपयुक्त समयमा | जिल्ला खेलकुद समितिको समन्वयमा खेलकुद शिक्षक | जिल्ला खेलकुद समितिको समन्वयमा खेलकुद शिक्षक | १०० |
| ६ | बस्ती र वडास्तरमा हुने योजना तर्जुमा बैठकमा आम सहभागितककोलागि बालिका, किशोरी, युवामहिला लगायत किशोर र पुरुषहरूको परिचालन | आवश्यकता अनुसार, ८ वडाहरूमा | बैसाख र जेठ | बाल क्लब, किशोरकिशोरी समूह, अभिभावक र वडाहरू | भेला/बैठकबारे जानकारी लिएर अर्थपूर्ण सहभागी जनाएर | ३० |
| ७ | तालिम प्राप्त शिक्षकशिक्षिकाहरूद्वारा बाल विवाह विरुद्ध अभिमुखीकरण बालमैत्री सामाजिक सञ्जालबारे अन्तर्क्रिया र प्रतिवद्धता (विद्यालय र घरमा सा.सञ्जाल व्यस्थापन) | ४ पटक, ८ वटामा | आ.व.२०८१/८२ को पहिलो चौमामा | सुपरिवेक्षणमा तालिम प्राप्त शिक्षकशिक्षिका विद्यालय/बालक्लब | अनुभवी सहयोगी संस्थासँग मिलेर आचार संहिता विकास र सहभागीहरूको प्रतिवद्धता | ९० |
| ८ | तालिम प्राप्त अनमी र शिक्षिकाद्वारा यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार | २ पटक, ८ वटामा | आ.व.२०८१/८२ को पहिलो चौमामा | गाउँ शिक्षा समितिको सुपरिवेक्षणमा तालिम | अनुभवी सहयोगी संस्थासँग मिलेर | ८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धी बालिका र किशोरी अन्तर्क्रिया | | | प्राप्त अनमी र शिक्षिका | | |
| ९ | विवाहको जोखिममा रहेका बालबालिका, किशोरकिशोर र युवामहिलाकोलागि ( परिवार सहित) लघु उद्यम तालिम | २ पटक, गाउँपालिका वा पाएक पर्ने स्थान | आ.व.२०८१/८२ को पहिलो चौमामा | गाउँपालिकाको कृषि/पशु/उद्योग शाखाका तालिम प्राप्त कर्मचारी | घरदैलो कार्यक्रममा भेटिएकालाई प्राथमिकता परामर्श पछि मात्र तालिम र आय आर्जन सहयोग | २२५ |

**ख) बालिका र किशोरीकालागि गुणस्तरिय शिक्षाको लागि**

| क्र. सं. | कार्यक्रम/गतिविधि | कतिपटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | कति बजेट (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा स्वास्थ्य परिचारिकाको व्यवस्थापन | हरेक विद्यालय | आव २०८१/८२ को पहिलो चौमामा | गाउँपालिका | संघीय सरकारको नीति अनुसार मनोसामाजिक परामर्श सेवा | संघीय सरकारले तोके बमोजिम |
| २ | ● स्थानीय पाठ्यक्रम विकास (बाल विवाह बिरुद्ध सचेतानात्मक सामग्री समेटेर)<br>● विकसित पाठ्यक्रममा आधारित शिक्षिकशिक्षिका तालिम/कार्यशाला र कार्ययोजना निर्माण<br>● तालिम प्राप्त शिक्षकशिक्षिकाहरूद्वारा रूपान्तरण सेसन शुरू | ३ प्रकार, माविमा | हप्ताको हरेक शुक्रवार, १:३० घण्टा | गाउँ शिक्षा समितिको सुपरिवेक्षणमा तालिम प्राप्त शिक्षकशिक्षिका | ● विद्यालयका छानिएका किशोर किशोरीहरू ज्ञान, सिप र व्यवहार परिवर्तन गर्ने<br>● सहयोगी संस्थासँग मिलेर । | ५०० |
| ३ | ● यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार तथा वृहत यौनिकता शिक्षा सम्बन्धी अनमी र शिक्षिका तालिम<br>● तालिम प्राप्त अनमी र शिक्षिकाद्वारा बालिका र किशोरी तालिम | सबै माध्यमिक विद्यालयमा | आव२०८१/ ८२ को पहिलो चौमामा | गाउँ शिक्षा समिति र गैरसरकारी संस्था | ● अनुभवी सहयोगी संस्थासँग मिलेर | ३५० |
| ४ | ● विद्यालय नजाने/वाहिर रहेका विवाहिता सहित र अवसरविहीन किशोरी/युवामहिला तथा परिवारकालागि व्यवसायिक प्राविधिक शिक्षामा | सबै वडाका | शैक्षिक सत्र शुरूमा | गाउँ शिक्षा समिति र गैरसरकारी संस्था | ● सङ्घसंस्थाको समन्वयमा विद्यालय नजानेहरू छनौंट | ५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पहुँच अभिवृद्धि कार्यक्रम | | | | गर्ने | |
| ५ | • विद्यालय वाहिरका (विवाहिता सहित) र अवसरविहिन किशोरी/युवामहिला तथा परिवारलाई विभिन्न सुविधाहरू (शिक्षामा छात्रवृत्ति, निशुल्क पुस्तक, पोशाक तथा सुविधा) प्रदान गरी शिक्षामा निरन्तरता कार्यक्रम | सबै वडामा | शैक्षिक सत्र शुरूमा | गाउँ शिक्षा समिति र गैरसरकारी संस्था | • संघसंस्थाको समन्वयमा किशोरी/युवामहिला छनौंट गर्ने | २५० |
| ६ | • विद्यालयहरूमा बालिका तथा लैङ्गिकमैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम | गा.पा. स्तरीय | आव २०८१/८२ को दोस्रो चौमामा | गाउँ शिक्षा समिति र गैरसरकारी संस्था | • शिक्षा स्रोत व्यक्तिको परिचालनमा र गैरसरकारी संस्थाको समन्वयमा | १७५ |

**ग) बालक, किशोर र पुरुषहरूको सहभागिताको लागि**

| क्र. सं. | कार्यक्रम/गतिविधि | कतिपटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | कति बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्यकालागि सामुदायिक जनचेतनामुलक कार्यक्रम (जस्तै भिडियो प्रदर्शनी, सडक नाटक, र्‍याली, अभिभूखिकरण र अन्तर्क्रिया आदि) | १६ पटक, ८ वटा वडामा | आ.व. २०८१/८२ महिनामा २ पटक | गापा/वडा, महिला तथा बालबालिका शाखा | • अनुभवी सहयोगी संस्थासँग मिलेर<br>• सडकनाटककोलागि अभ्यास गरेर | २५६ |
| २ | सामाजिक बहिष्कार तथा सरकारी सेवा सुविधाबाट वञ्चित गराउने (सकारात्मक विभेद) | हरेक वडामा | तुरुन्तै | गाउँपालिका तथा वडाहरू र कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | • बाल विवाह गर्ने र गराउनेलाई वहिस्कार गरेर | – |
| ३ | विवाहको जोखिममा रहेका बालक, किशोर र युवापुरुषकालागि (परिवार सहित) लघु उद्यम | २ पटक, गाउँपालिका | आव २०८१/८२ | गाउँपालिकाको कृषि/पशु/उद्योग शाखाका | • घरदैलो कार्यक्रममा भेटिएकालाई प्राथमिकता | २२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तालिम | वा पाएक पर्ने स्थान | को दोस्रो चौममा | तालिम प्राप्त कर्मचारी | • परामर्श पछि मात्र तालिम र आय आर्जन सहयोग | |
| ४ | धामी, झाँक्री र ज्योतिषहरूलाई बाल विवाह विरुद्ध तालिम | २ पटक, सबै वडाहरूमा | वैसाख र माघमा | वडा र गैरसरकारी संस्था | • उनीहरूसँग समन्वय गरेर | १५० |
| ५ | बाल विवाहको जोखिममा रहेका बालक तथा किशोर परिवार लक्षित घरदैलो र परामर्श | २ पटक, सबै वडाहरूमा | हरेक चौमामा | वडा, स्वंयसेविका, सामाजिक परिचालक र गैरसरकारी संस्था | • हरेक घरमा पुग्ने, बिशेषगरी जोखिम घरमा | १५० |
| ६ | क्षमता अभिवृद्धि तथा तालिम (बाल विवाह, लैङ्गिक विभेद अन्यका लागि सामुदायिक कार्यक्रम) | २ पटक, सबै वडाहरूमा | वैसाख र माघमा | गाउँपालिका र कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | • अनुभवी सहयोगी संस्थासँग मिलेर | १५० |

**घ) परिवार र समुदाय परिचालनको लागि**

| क्र.सं. | कार्यक्रम/गतिविधि | कतिपटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | कति बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्यकालागि सामुदायिक जनचेतनामूलक कार्यक्रम (जस्तै भिडियो प्रदर्शनी, सडक नाटक, ऱ्याली, अभिमुखिकरण र अन्तर्क्रिया अदी) | ८ पटक, ८ वटा वडामा | आव २०८१/८२ तेस्रो चौमासिक | गापा/वडा, महिला तथा बालबालिका शाखा | • अनुभवी सहयोगी संस्थासँग मिलेर<br>• सडकनाटकको लागि अभ्यास गरेर | १०० |
| २ | पारिवारिक/अभिभावक शिक्षा | १२ पटक, घर घरमा | प्रत्येक महिना | गापा, वडा कार्यालय, बाल क्लब, गैसस, प्रहरी र स्वयंसेविका | • बालिका,किशोरी घरदैलोसगै गर्ने<br>• जोखिम परिवार लक्षित गरेर | १२५ |
| ३ | • बाल विवाह तथा लैङ्गिक हिँसा विरुद्ध अन्तर्क्रिया (अनुभव आदान प्रदान, नकरात्मक पक्षबारे | ४ पटक सबै वडाहरूमा | हरेक वर्ष चौमासिक रूपमा | गापा, वडा कार्यालय, बाल क्लब, गैसस, प्रहरी र स्वयंसेविका | • अनुभवी सहयोगी संस्थासँग मिलेर | २०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जानकारी)<br>● बाल विवाह तथा लैङ्गिक हिँसा विरुद्ध सामुहिक प्रतिवद्धता | | | | ● सहभागि सबै सुसूचित भएर | |
| ४ | देउडा प्रतियोगिता (बाल विवाह न्यून भएको समुदायका समूहहरूलाई प्रोत्साहन गर्न) | २ पटक, अनुकुल स्थानमा | प्रत्येक वर्ष मंसिर र पुष | गापा, वडा कार्यालय, बाल क्लब, गैसस, प्रहरी र स्वंयसेविका | ● बाल विवाह न्यून भएको सुनिश्चित पछि पारदर्शी तवरले | ९० |
| ५ | छोटो तथा लामो सूचना प्रवाह (स्थानीय एफ. एम. र पत्रिकाहरू) | १० पटक | १० महिना | गा.पा. | ● उचित जानकारी संप्रेक्षण दिएर र सम्झौता गरेर | ६० |
| ६ | ● क्षमता अभिवृद्धि तथा तालिम (बाल विवाह, लैङ्गिक विभेद अन्यका लागि सामुदायिक कार्यक्रम)<br>● बालमैत्री सामाजिक सञ्जालबारे अन्तर्क्रिया र प्रतिबद्धता (विद्यालय र घरमा सा.सञ्जाल व्यस्थापन) | ४ पटक, गापामा | वैसाख र माघमा | गाउँपालिका र कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समिति | अनुभवी सहयोगी संस्थासँग मिलेर<br>आचार संहिता विकास र सहभागीहरूको प्रतिवद्धता | १५० |
| ७ | क्षमता अभिवृद्धिकालागि विद्यालय स्तरको प्रतियोगिता (हाजिरजवाफ, निबन्ध लेखन, वक्तृत्वकला आदि) | ८ वडाका विद्यालयहरू | माघ महिना प्रत्येक वर्ष | गापा, वडा कार्यालय, बाल क्लब/गैसस | समयमै सूचना दिएर प्रतियोगिताबारे नियम बनाएर | १२० |
| ८ | क्षमता अभिवृद्धिका लागि विद्यालय स्तरको प्रतियोगिता (हाजिरजवाफ, निवन्ध लेखन, वक्तृत्वकला आदी) | गाउँपालिका स्तरमा | माघ महिना प्रत्येक वर्ष | गा.पा. | वडा, विभिन्न संघसंस्था | ६० |
| ९ | २० वर्ष पुरा पुगेर बिवाह गर्ने जोडीलाई प्रोत्साहन पुरस्कार | निरन्तर | तत्काल बाट | गा.पा. | गाउँपालिकाले बार्षिक रूपमा बजेट विनियोजन गरेर<br>२० वर्ष पश्चात विवाह गरेको सुनिश्चित गरेर | १२० |
| १० | गाउँपालिका स्तरीय परामर्श/सुधार गृह स्थापना ( | गाउँपालिका | आ व | गा.पा. | सङ्घीय र प्रदेश सरकारसँग | ४००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मनोसामाजिक विमर्श सेवा सहित) | स्तरमा | २०८१/८२ | | मिलेर<br>गाउँपालिकाले वार्षिक रूपमा बजेट विनियोजन गरेर | |
| ११ | बाल विवाह अवस्थाबारे सर्भेक्षण | सबै वडाहरूममा | तत्काल | गा.पा. र गैसस | सर्वेक्षण उद्देश्य, विधि र प्रश्नावली तयार पारी | ९०० |

**ङ) कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन**

| क्र. सं. | कार्यक्रम/गतिविधि | कतिपटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | कति बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बाल विवाह अन्त्यकालागि रणनीति सहितको कार्ययोजना बनाउने | १ पटक, गाउँपालिका | २०८० असोज सम्म मा | गाउँपालिका | • विज्ञको परामर्शमा<br>• न्यायिक समितिको समन्वयमा | ४०० |
| २ | बाल विवाह सम्बन्धी कानून कार्यान्वयन | बाल विवाह अन्त्य सम्म, प्रहरी कार्यालय र न्यायलय | बर्षैभरि | प्रहरी र गाउँपालिका | • कडा रूपमा प्रस्तुत भएर | – |
| ३ | बाल विवाह विरुद्ध प्रहरी समुदाय साझेदारी कार्यक्रम | महिनाको १ पटक, हरेक वडामा | बर्षैभरि | प्रहरी र गाउँपालिका | • वडामा प्रहरीसँग बाल विवाहबारे अन्तर्क्रिया गरेर<br>• कानूनी पक्षहरूको जानकारी | ५० |
| ४ | बाल विवाह सम्बन्धी कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि | १ पटक, गाउँपालिका | २०८० कार्तिक | गाउँपालिका | • कानूनी व्यस्थाहरको जानकारी<br>• जिम्मेवारी सहित सहभागिहरूले प्रतिवद्धता गर्ने | १२० |
| ५ | बहु/बाल विवाहबारे संवैधानिक व्यस्थाहरू सम्बन्धी अन्तर्क्रिया तथा छलफल (समुदाय, टोल र | हरेक वडामा कम्तिमा १ पटक | २०८१ आषाढ सम्म | गाउँपालिका | • वडा स्तरमा आयोजना | ८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यालयमा) | वडामा | | | | |
| ६ | विवाह र जन्म दर्ता अनिवार्य अभियान र प्रोत्साहन सम्बन्धी कार्यक्रम | | निरन्तर | वडा कार्यालय | • रेडियो मार्फत वडामा सूचना सम्प्रेषण गरेर | ५० |
| ७ | विवाहको कानूनी उमेर, सोको उल्ङ्घन गरेमा हुने सजांय तथा बाल विवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार सामग्री निर्माण | १ पटक गा.पा.मा | २०८० मंसिर | गा.पा. | • छलफल गरी सामग्री तयार गर्ने | १५० |
| ८ | आवश्यकता अनुसार थप ऐन कानूनको निर्माण गरी कार्यान्वयन गर्ने | आवश्यकता अनुसार, गापामा | आवश्यकता अनुसार | गा.पा.ले | • सम्पर्क र समन्वय गरेर | आवश्यकता अनुसार |
| ९ | बालविवाह न्यूनीकरणका लागि दीर्घकालीन तथा मध्यकालीन अल्पकालीन सहितको आवधिक योजना निर्माण र कार्यान्वयन | १ पटक गा.पा.मा | २०८० मंसिर | गा.पा.ले | • सरोकारवालासँग समन्वय गरेर | २५० |
| १० | बाल विवाह भएको अवस्थामा विवाह बदर गर्न चाहनेहरूकोलागि आवश्यक कानूनी हक र उपचारमा पहुँचका साथै क्षतिपूर्ति सुनिश्चित गर्ने | उजुरी अनुसार गा.पा. | उजुरी अनुसार | गा.पा.ले | • न्यायिक समितिले गम्भीर भएर सहयोग गर्न तत्पर हुनु पर्ने<br>• उपचार खोज्नेलाई सहज पहुँच दिएर | आवश्यकता अनुसार |

**च) सेवा प्रवाह सम्बन्धी**

| क्र.सं. | कार्यक्रम/गतिविधि | कतिपटक र कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | कसरी गर्ने | कति बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने | १ पटक, गापा | तत्काल | गाउँपालिका | विज्ञको परामर्शमा न्यायिक समितिको समन्वयमा | १०० |
| २ | गाउँपालिकामा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूका कार्यक्रमहरूमा बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश समन्वयात्मक बैठक डाक्ने | १ पटक, गापा | तत्काल | गाउँपालिका | समन्वयात्मक बैठक | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | स्थानीय तहमा बाल विवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने | १ पटक, गापा | तत्काल | गाउँपालिका | समन्वयात्मक बैठक | ५० |
| ४ | सेवा प्रदायकहरूले सेवा प्रवाहमा सेवाग्राहीलाई बाल विवाहको नकरात्मक पक्षबारे जानकारी दिने | सेवा लिन आउँदा | तत्काल | सेवा प्रदायकहरू | कृषि, पशु, स्वास्थ्य, राजस्व, बन/वातावरण र महिलतथा बालबालिका शाखाहरूले | – |
| ५ | बाल विवाह मुक्त वडा घोषणा | १ पटक, कम्तिमा कुनै १ वडा | २०८१ अन्त्य सम्ममा | गाउँपालिका | सूचकको आधारमा वडाहरूको अवस्था विश्लेक्षण | ३०० |
| ६ | विवाह भैसकेका बालिका तथा बालविधुवाहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागू गर्न कोषको व्यवस्था गर्ने | १ पटक, गापा | तत्काल | गाउँपालिका | समन्वयात्मक बैठक | १०० |

(नोटः माथि उल्लेखित १ बर्षको कार्य सम्पादन तथा उपलब्धिहरूको मूल्याङ्कन गरेर आगामी बर्षको कार्यक्रम र बजेट तयार गरी थप २ बर्षको कार्य योजना तयार पारिने छ ।)

## अनुसूची ४ कार्यन्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार

१. गाउँपालिका कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

- क) यस रणनीति तथा कार्ययोजनामा रहेका बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई आफ्नो वार्षिक कार्यक्रममा अनिवार्य रूपमा समावेश गरी कार्यान्वयन, समन्वय र पहल गर्ने।
- ख) बाल बिवाह अन्त्यका लागि संचालित कार्यक्रमहरूको नियमित तथा आवश्यकतानुसार अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण गर्ने।
- ग) क्षमता अभिवृद्धि समितको समन्वयमा एकीकृत कार्ययोजना तयार पार्ने, बास्केट फण्डको विकास गरी सघन कार्यक्रम सञ्चालन गर्ने।
- घ) "बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२"कार्यान्वयन गर्न संघीय र प्रदेशसँग सरकारसँग समन्वय स्थापना गर्ने।
- ङ) रणनीति तथा कार्ययोजना अनुसार बाल विवाह विरुद्धका कार्यक्रमहरूलाई वडा कार्यालयहरू गर्ने काम गर्ने गराउने।
- च) गैर सरकारी संस्थाहरूसँग मिलेर बाल विवाह बढी हुने वडाहरूमा कार्यक्रम केन्द्रित गर्ने।

२. समितिको बैठक कम्तीमा वर्षमा ४ पटक बस्नेछ।

३. समितिको बैठकमा आवश्यकतानुसार गाउँपालिकाका जनप्रतिनिधिहरू, सम्बन्धित विज्ञ एवं सङ्घसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## अनुसूची ५ बाल विवाह विरुद्ध उजुरी लिने निकायहरू

- स्थानीय प्रहरी कार्यालय वा नेपाल प्रहरीको पुलिस कन्ट्रोल १००
- सम्बन्धित गाउँपालिकाको न्यायिक समिति
- बालबालिका खोजतलास समन्वय केन्द्र भृकुटीमण्डप, काठमाण्डौं, नेपाल टोल फ्री नं. १०४
- सम्बन्धित गाउँपालिकाको बाल कल्याण अधिकारी
- घटना व्यवस्थापन एकीकृत प्रणाली १०९८